धनगढी उप महानगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड: ४** | **संख्या: १६** | **मिति: २०७७/१०/२९** |

## भाग-२

**धनगढी उप महानगरपालिका**

## बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चको बैठक सञ्चालन कार्यविधि, २०७७

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।१०।२९**
**राजपत्रमा प्रकाशन मिति: २०७७।११।०२**

**प्रस्तावना:**

धनगढी उपमहानगरपालिका(कार्य सम्पादन नियमावली) २०७४ को नियम ३ र ४ बमोजिमको व्यवस्थालाई सहयोग पुऱ्याई सामाजिक जबाफदेहिता प्रबर्द्धनका लागि धनगढी उपमहानगरपालिका अन्तगर्त गठन भएको बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चको बैठक सञ्चालनका लागि नेपालको संविधान, धनगढी उप-महानगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने ) ऐन २०७७ को दफा ४ बमोजिम र स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) बमोजिम "बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चको बैठक सञ्चालन कार्यविधि, २०७७ स्वीकृत गरी लागू गरेकोछ ।



धनगढी उप-महानगरपालिका राजपत्र

# परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ : (१)** यो कार्यविधिको नाम " **बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चको बैठक सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

**(२)** यो कार्यविधि धनगढी उप-महानगरपालिकाको कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"संविधान"** भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

ख) **"स्थानीय तह/सरकार"** भन्नाले नेपालको संविधान, २०७२ को धारा ५६ को उपधारा ४ बमोजिम गाँउपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्दछ ।

ग) **"कार्यपालिका"** भन्नाले नगर कार्यपालिका सम्झनु पर्दछ ।

घ) **"अध्यक्ष"** भन्नाले पालिका प्रमूख जसले बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चको अध्यक्ष गर्दछन् उसलाई सम्झनु पर्दछ ।

ङ) **"सह अध्यक्ष"** भन्नाले बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चमा प्रतिनिधित्व गर्ने नगरपालिकाको उप प्रमूख वा गाँउपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

च) **"बहुसरोकारवाला"** भन्नाले सामाजिक जबाफदेहिताको क्षेत्रमा काम गर्ने र मञ्चमा सम्बद्ध विभिन्न निकाय तथा व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

छ) **"सदस्य"** भन्नाले मञ्चको बैठकमा सम्बद्ध भई प्रतिनिधित्व गर्ने विभिन्न निकाय तथा व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

ज) **"सदस्य सचिब"** भन्नाले मञ्चको बैठकमा सदस्य सचिबको रुपमा काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

झ) **"बैठक"** भन्नाले बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चको बैठकलाई सम्झनु पर्दछ ।

ञ) **"प्रस्ताव"** भन्नाले मञ्चको बैठकमा छलफलका लागि पेश गरिएको कुनै प्रस्तावलाई सम्झनु पर्दछ ।

ट) **"सहजकर्ता"** भन्नाले मञ्चको बैठक सहजिकरण गर्नका लागि तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ठ) **"विषयगत शाखा"** भन्नाले नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिम नगरपालिका स्तरमा स्थापना भएका विषयगत शाखाहरुलाई सम्झनु पर्दछ ।

ड) **"नगरपालिका"** भन्नाले धनगढी उप-महानगरपालिकालाई सम्झनु पर्दछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

# परिच्छेद २

## मञ्चमा गठन:

नगरपालिका स्तरको बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चको पदाधिकारीहरुको संरचना निम्नानुसार हुनेछ र केहि सदस्य पदहरुका पदाधिकारीहरुको नामावली निजको पालिका स्तरमा उपलब्धता अनुसार फेरबदल हुन सक्नेछ । मञ्चको बैठकमा आवश्यकता र औचित्यको आधारमा थपघट गर्न सक्ने छन् ।

| क.स. | प्रतिनिधि | निकाय | पद |
|---|---|---|---|
| १. | नगर प्रमूख | उप महानगरपालिका | अध्यक्ष |
| २. | उप प्रमूख | उप महानगरपालिका | सह-अध्यक्ष |
| ३. | प्रतिनिधि | जिल्ला समन्वय समिति | सदस्य |
| ४. | प्रमूख प्रशासकीय अधिकृत | उप महानगरपालिका | सदस्य |
| ५. | प्रमूख एवं प्रतिनिधि | उप महानगरपालिका/ नगरपालिकाका विषयगत शाखा सबै | सदस्य |
| ६. | कार्यपालिका प्रतिनिधि | उप महानगरपालिका/ नगरपालिका - ४ जना ( महिला, दलित, विपन्न वर्ग समेत समेटिने गरी) | सदस्य |
| ७. | वडा अध्यक्ष | उप महानगरपालिका/ नगरपालिका ४ जना ( पालिकाका सबै वडाको प्रतिनिधित्वि समेटिने गरी) | सदस्य |
| ८. | संयोजक | नगरपालिका अन्तर्गतको सुशासन समिति | सदस्य |
| ९. | अध्यक्ष एवं प्रतिनिधि | गैसस महासंघ | सदस्य |
| १०. | अध्यक्ष एवं प्रतिनिधि | पत्रकार महासंघ | सदस्य |
| ११. | अध्यक्ष एवं प्रतिनिधि | उद्योग वाणिज्य संघ | सदस्य |
| १२. | अध्यक्ष एवं प्रतिनिधि | उपभोक्ता हक संरक्षण मञ्च | सदस्य |
| १३. | अध्यक्ष एवं प्रतिनिधि | नेपाल बार एसोशियसन | सदस्य |
| १४. | प्रमूख एवं प्रतिनिधि | अगैसस/अन्तराष्ट्रिय संस्था वा परियोजनाका प्रतिनिधि (३ जना) | सदस्य |
| १५. | प्रतिनिधि | सामाजिक जबाफदेहिताको क्षेत्रमा काम गर्ने स्थानीय गैसस (३ जना) | सदस्य |
| १६. | प्रतिनिधि | सामाजिक जबाफदेहिता विशेषज्ञ/अभियानकर्ता (२ जना) | सदस्य |
| १७. | सामाजिक विकास प्रमुख | नगरपालिका | सदस्य सचिब |

# परिच्छेद ३

## मञ्चको कार्यक्षेत्र:

यस बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चका मुख्य कार्यहरु निम्नानुसार हुनेछन् :

१. सामाजिक जबाफदेहितासँग सम्बन्धित मुख्य सवाल र ज्ञानमा आधारित दस्तावेज र सूचनाहरु आदान प्रदान र जानकारी गराउने ।
२. राजनैतिक र आर्थिक आयाम लगायत विभिन्न अध्ययनहरुको प्रासंगिक विश्लेषणद्वारा सामाजिक जबाफदेहिता कसरी बढी रणनैतिक र वस्तुनिष्ठ हुन सक्छ भनेर संग्रहित र सहभागितामुलक ढंगले विचार विमर्श/छलफल गर्ने ।
३. सामाजिक जबाफदेहिता सम्बन्धी ज्ञान र सिकाईहरु श्रृजना गर्न विभिन्न अवधारणाहरुका बारेमा खोज गर्ने ।
४. माग र आपूर्ति पक्षमा कार्यान्वयन भएका साामजिक जबाफदेहिताका अवधारणाहरुको विकास र अध्यावधिक गर्ने ।
५. योजना तथा बजेट तर्जुमा प्रक्रिया, खर्च प्रक्रिया, पहुँच, नागरिक संलग्नता, गुणस्तरीय सेवा सुविधाको प्रबाह जस्ता मुख्य क्षेत्रहरुको लागि प्रभावकारी प्रयास/संयन्त्रको स्तर बृद्धिका लागि चरणबद्ध रुपमा छलफलहरु सञ्चालन गर्ने ।
६. सामाजिक जबाफदेहिता सञ्जालमा यस क्षेत्रमा काम गर्ने सरोकारवालाहरु खोजि गर्ने र मञ्चको विषयमा परिचित गराउने ।
७. समाजिका जवाफदेहिताका औजारहरुको प्रयोगवाट आएका सिकाई तथा सुझावहरुको समिक्षा गर्ने ।
८. माग र आपूर्ति दुबै क्षेत्रमा सामाजिक जबाफदेहितामा काम गर्ने सरोकारवालाहरुलाई थप सहयोग/क्षमता विकास गरी सहयोग प्रदान गर्ने ।
९. सार्वजनिक सेवाको सुधारका लागि पैरवि गर्ने र नीति निर्माण तहमा सहजिकरण गर्ने ।

धनगढी उप-महानगरपालिका राजपत्र

# परिच्छेद ४

## पदाधिकारिहरुको काम,कर्तव्य र अधिकार

नगरपालिकामा गठन भई सञ्चालन भएको बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार:**

अध्यक्ष यस मञ्चको मुख्य पदाधिकारी हुनेछ । अध्यक्षमञ्च प्रति उत्तरदायी रहनेछन् । निजले मञ्चको परिकल्पना, उद्धेश्य तथा रणनीति अनुरुप कार्यहरु गर्ने, गराउनेछन् एवं मञ्चको कार्यहरुलाई सुसम्पन्न गराई मञ्चको प्रभावकारीता बढाउन भुमिका गर्नेछन् । सो अनुसार अध्यक्षको कार्यहरु देहाय बमोजिम हुनेछन् ।

१) मञ्चको बैठकमा अध्यक्षता गर्ने।
२) बैठकलाई सुव्यस्थित र नतिजामुखि ढंगबाट सञ्चालन हुन निर्देश एवं सहजिकरण गर्ने ।
३) बैठकमा बहुसरोकारवालाहरु बीच सुशासन, सामाजिक जबाफदेहिता प्रबर्द्धनका लागि अन्तरक्रियात्मक छलफल चलाउन सहजिकरण गर्ने ।
४) सबै सदस्यहरुलाई छलफलमा समान ढंगले भाग लिन उत्प्ररित गर्ने ।
५) बैठकमा प्रस्ताविक सवाल अनुसार भएका छलफलका बुदाँहरुलाई निर्णयार्थ पेश गर्ने ।
६) बैठकले गरेका निर्णयहरु प्रमाणित गर्ने ।
७) बैठकले गरेका निर्णयहरुको प्रभावकारी कार्यान्वयन मार्फत पालिका स्तरमा सामाजिक जबाफदेहिताका औजारको कार्यान्वियनलाई बढाउन अभ्यास गर्ने ।
८) विभिन्न सरोकारवालासँग समन्वय र सहकार्य बढाउने ।
९) मञ्चको प्रभावकारीता बढाउनका लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।
१०)वार्षिका कार्यक्रम र कार्ययोजना पेश गर्न लगाउने र त्यसमा छलफल तथा निर्णय गर्ने ।

**ख) सह अध्यक्षको काम, कर्तव्य र अधिकार:**

मञ्च प्रति उत्तरदायी हुने गरी सह–अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

१) अध्यक्षका कार्यहरु मध्ये निजबाट तोकिए बमोजिमका कार्यहरु गर्ने ।
२) अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने ।
३) मञ्चको बैठकमा प्रस्तावित छलफलका विषयवस्तु माथि हुने छलफलमा सक्रिय रुपमा सहभागि हुने र आफ्ना धारणाहरु स्पष्ट रुपमा राख्ने ।
४) अन्य सदस्यहरुलाई छलफलमा सक्रिय रुपमा सहभागि हुन उत्प्रेरित एवं सहजिकरण गर्ने ।
५) मञ्चको संस्थागत विकासका लागि विभिन्न सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्ने ।
६) मञ्चको प्रभावकारीता बढाउनका लागि अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**ग) सदस्यको काम, कर्तव्य र अधिकार:**

१) मञ्चको बैठकमा उपस्थित हुने ।

२) मञ्चको बैठकमा निर्धारित छलफलका एजेण्डाहरुमा अर्थपूर्ण ढंगले छलफलमा सहभागि भई आफ्ना धारणा राख्ने ।
३) अन्य सदस्यहरुलाई छलफलमा सक्रियतापूर्वक सहभागि हुनका लागि उत्प्ररित र सहजिकरण गर्ने ।
४) अध्यक्षले निर्देशन गरे बमोजिम अन्य कार्य गर्ने ।
५) मञ्चको हित तथा सुशासन र सामाजिक जबाफदेहिता प्रबर्द्धन हुने कार्य सम्पादन गर्ने, गराउने ।
६) विभिन्न सरोकारवालाहरुसँग समन्वयको कार्य गर्ने ।
७) यस कार्यविधिमा व्यवस्था भए बमोजिम आवश्यक अन्य कार्य गर्ने गराउने ।

**घ) सदस्यसचिबको काम, कर्तव्य र अधिकार:**

मञ्चको प्रभावकारी सञ्चालन तथा सस्थागत विकासका लागि सदस्य सचिबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) मञ्चको तर्फबाट नगरपालिकाको प्रगति प्रतिवेदन लगायत अन्य आवश्यक विवरण पेश गर्ने ।
२) बैठकको व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक भुमिका निर्वाह गर्ने ।
३) बैठकमा उपस्थित सदस्यहरुलाई सक्रिय एवं अर्थपूर्ण रुपमा छलफलमा सहभागि हुन उत्प्रेरित गर्ने र आवश्यकता अनुसार बैठकको सहजिकरण गर्ने ।
४) बैठकमा छलफल भएका सवालको टिपोटका साथै निर्णयहरुको दस्तावेजिकरण गर्ने ।
५) बैठकका निर्णयहरु प्रमाणिकरण गराई सबै सदस्यलाई प्रेषण गर्ने र अभिलेखिकरण गर्ने ।
६) विभिन्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।
७) मञ्चको व्यवस्थापन, सञ्चालन र संस्थागत विकास सम्बन्धि सबै विषयहरुको जिम्मेवारी लिने ।
८) यस कार्यविधिमा व्यवस्था भए बमोजिम आवश्यक अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद ५

**मञ्चको बैठक:**

मञ्चको बैठक **चौमासिक** रुपमा बस्नेछ तर सो भन्दा अगाढी आवश्यकता अनुसार बैठक बस्नका लागि कुनै बाधा पर्ने छैन ।

**बैठकको अध्यक्षता:**

१. बैठकको अध्यक्ष्यता मञ्चका अध्यक्ष एवं नगरपालिकामा प्रमूखले गर्नेछन् ।
२. निजको अनुपस्थितीमा सह अध्यक्ष एवं नगरपालिका उपप्रमूखले गर्नेछन् ।
३. निजको पनि अनुपस्थितीमा मञ्चका कुनै जेष्ठ वा पदाधिकारीले मञ्चको बैठकको अध्यक्षता गरी बैठक सञ्चालन हुनेछ ।

**मञ्चको बैठक बस्ने समय र स्थान:**

१. मञ्चको बैठकनगरपालिकाको सभा हल वा बैठक कक्षमा आयोजना गरिने छ ।

२. यदि कुनै कारणवश: नगरपालिकाको सभा हल वा बैठक कक्षमा बैठक सञ्चालन गर्न नसकिने अवस्था नभएमा नजिकैको कुनै पायक पर्ने स्थान छनौट गरी बैठक सञ्चालन गर्न सकिनेछ ।

३. मञ्चको बैठकका लागि सूचना गर्दा बैठक बस्ने मिति, स्थान र समय स्पष्ट खुलाई पठाउनु पर्नेछ ।

४. यसरी सूचना गर्दा बैठक बस्ने समय भन्दा कम्तिमा पनि ३ दिन अगावै सूचना उपलब्ध गराउनु पर्नेछ ।

**छलफलका विषय:**

१. मञ्चको बैठक बोलाउँदा सो बैठकमा छलफल गरिने विषय स्पष्ट रुपले किटान गरी बैठक बस्ने मिति भन्दा ३ दिन अगावै सबै सदस्यलाई जानकारी गराउनु पर्नेछ ।

२. बैठक सञ्चालन तथा छलफलका लागि बैठकको कार्यक्रम सदस्य सचिबले अन्य सरोकारवालासँग समन्वय गरी लिखित रुपमा तयार गर्नु पर्नेछ ।

**उपस्थिती:**

१. मञ्चको बैठक उपस्थित सबै पदाधिकारीहरुले उपस्थिती पुस्तिकामा आफ्नो नाम तथा अन्य तोकिएको विवरण बुझिने गरी उल्लेख गरी दस्तखत गर्नु पर्नेछ ।

२. सदस्य सचिबले समेत बैठकमा सचिबको रुपमा उपस्थिती पुस्तिकामा उपस्थिती जनाई दस्तखत गर्नु पर्नेछ ।

**बैठक सञ्चालन प्रकिया:**

१. मञ्चको बैठकलाई सुव्यवस्थितगर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ ।

२. बैठकको छलफलको विषयसुची र सवालको आधारमा अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ ।

३. बैठकमा तोकिएका सवाल र विषयवस्तुमा सहजिकरण गर्न र गराउनका लागि सदस्य सचिब वा अन्य कुनै व्यक्तिले सहजकर्ताको रुपमा भुमिका निर्बाह गर्न सक्नेछन् ।

४. बैठकमा छलफलमा सबै सदस्यहरुलाई भाग लिन समान अवसर हुनेछ र एक सदस्यले अर्को सदस्यलाई छलफलमा सहभागि हुन र गराउन सबैको दायित्व हुनेछ ।

५. बैठकमा तोकिएको एजेण्डा भन्दा अन्य विषयवस्तुका सवाल उठान गरी विषयन्तर गर्न पाईने छैन । विषयवस्तु विषयन्तर भएको अवस्थामा बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो छलफललाई तत्कालै रोकि सम्बन्धित सवालमा छलफल केन्द्रित गराउनु पर्नेछ ।

६. बैठकमा पालै पालो आफ्नो धारणा, सिकाई, सल्लाह सुझाब राख्न सकिनेछ । एक सदस्यले बोलि रहेको बेला बीचमा टिप्पणी गर्न मिल्ने छैन । सो सम्बन्धमा टिपोट गरी सम्बन्धित सदस्यले बोलि सके पछि आफ्नो जिज्ञासा राख्न सकिनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

**निर्णय सम्बन्धि व्यवस्था:**

१. मञ्चको बैठक छलफल भएका सवालहरुलाई सदस्य सचिब वा सहजकर्ताले टिपोट गर्नु पर्नेछ ।

२. बैठकका विषयवस्तु माथि छलफल गर्ने क्रम समाप्त भए पछि टिपोट गरिएका विषयवस्तुहरुलाई संक्षेपिकरण गरी प्रस्ताव अनुसार निर्णयका लागि प्रस्तुत गर्नु पर्नेछ ।

३. बैठकका निर्णयहरु सामान्यतया सर्वसम्मतिको आधारमा हुनेछन् ।

४ निर्णय प्रमाणित अध्यक्षवाट हुनेछ ।

**निर्णयको अभिलेख:**

१. मञ्चको बैठकमा छलफल भई निर्णय भएका सवालहरुलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सहि गराई राख्नु पर्नेछ ।

२. मञ्चका निर्णयहरुको प्रमाणिकरण मञ्चका अध्यक्षता गर्ने व्यक्तिबाट गराउनु पर्नेछ ।

३. बैठकका निर्णयहरु सबै सदस्यको जानकारीका लागि बैठक पछि कुनै माध्यमबाट सदस्य सचिबले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ६

## विविध

**बाधा अड्चन फुकाउने:**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अड्काउ परेको खण्डमा नगरकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

**परिमार्जन तथा संशोधन:**

कार्यविधिलाई आवश्कता अनुसार नगरकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**आज्ञाले,**

..........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**

धनगढी उप महानगरपालिका राजपत्र